# *आदर्श–राघव* महाकाव्यमा ब्रह्मचिन्तन

सीताकुमारी सापकोटा, एकेडेमिक डाइरेक्टर, लुम्बिनी एकेडेमी, चाबहिल, बौद्धरामहिटी, काठमाडौँ
Email: skbhattarai2027@gmail.com
ORCID iD: https://orcid.org/0009-0004-0368-5428

**लेखसार**

प्रस्तुत लेखमा अदर्श राघव महाकाव्यमा ब्रह्मचिन्तनको अध्ययन गरिएको छ । गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषण विधिके उपयोग गरिएको यस लेखमा पूर्वीय दर्शनमा अभिव्यक्त ब्रह्मचिन्तनलाई सैद्धान्तिक आधार र अवधारणाका रूपमा लिइएको छ । आदर्श -राघव महाकाव्यमा  ब्रह्म चिन्तनको प्रभाव परेको छ ।  यस आलेखमा आदर्श-राघव महाकाव्यको विषयवस्तुको स्वरूप गरी यसभित्र रहेको सगुण र निर्गुण ब्रह्मचिन्तनलाई पहिल्याउने कार्य गरिएको छ । आदर्श- राघव महाकाव्यमा ब्रह्मचिन्तनसम्बन्धी विचार पहिचान गरी सगुण र निर्गुण ब्रह्म चिन्तन किन र कसरी प्रस्तुत गरिएकोको छ भन्ने प्रमुख समस्यामा यो लेख केन्द्रित रहेको छ । यिनै समस्याको परिपूर्तिका लागि निगमनात्मक र आगमनात्मक शोधविधिको प्रयोग गरेर यो लेख तयार गरिएकोको छ । वेदान्त दर्शनले ब्रह्मको सगुण र निर्गुण स्वरूपका बारेमा विविध अवधारणा प्रस्तुत गरेको छ । यसै क्रममा ब्रह्मको पहिचान सगुण र निर्गुण रूपमा हुन्छ भन्ने बताइएको छ । यही स्वपाधिक र निरुपाधिक ब्रह्म नै कतै गुणयुक्त कतै गुणमुक्त, व्यक्तित्वशून्य रहने तथ्यलाई वेदान्त दर्शनले प्रस्तुत गरेको छ । यिनै दृष्टिकोणलाई सैद्धान्तिक अवधारणाका रूपमा प्रस्तुत गरेर महाकाव्यको विषयवस्तुको स्वरूप पहिचान गरिएकोको छ । यहाँ प्रकट गरिएको वैचारिकतालाई मुख्य आधार बनाएर आदर्श- राघव महाकाव्यमा रहेका राघवलाई नै ब्रह्मको सगुण र निर्गुण रूपको प्रतीक बनाइएको छ । रामभित्र रहेको ब्रह्मगुणको समन्वयात्मक पक्षलाई समेटेर महाकाव्यमा वर्णित वैचारिक पक्षको आधारमा सगुण र निर्गुण रूपमा आदर्श-राघवलाई प्रतिस्थापित गरी एकत्वपूर्ण ब्रह्मस्वरूपको पहिचान गर्ने कार्य यस लेखमा भएको छ ।

***मुख्य पद / पदावली*** : आत्म–परमात्मा, निर्गुण ब्रह्म, ब्रह्म चिन्तन, वेदान्त दर्शन, सगुण ब्रह्म

**Article's information**
Manuscript received: 2025/10/15; Date of review:  2026/02/25; Date of manuscript acceptance 2026/04/16
Publisher: Sahayaatra, Nepal, Bhojpur; DOI: https://doi.org/10.3126/sahayaatra.v9i1.95647
Homepage: https://www.nepjol.info/index.php/sahayaatra; Copyright (c) 2024 Sahayaatra Journal
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

*आदर्श-राघव (२००५)* महाकाव्य रामको आदर्शमय चरित्रको गुणगान गरिएको महाकाव्य हो । आदर्शको अर्थ उत्तम र अनुकरणीय गुण मानिएको छ । राघवको अर्थ रघुवंशीय राम मानिएको छ । यसको नामाकरण रामको उत्तम र अनुकरणीय चरित्रको आदर्शमय गुणलाई ब्रह्मस्वरूपको रूपमा चिनाइएको छ । राम नै ब्रह्मको सगुण र निर्गुण रूपमा रहेर कार्य गरिरहेका आदर्श गुण भएका मानवीय रूपका ईश्वरको स्वरूप मानिएकोले यस महाकाव्यको विषय *आदर्श- राघव*का नामबाट विस्तारित गरिएको छ । महाकाव्यकार सोमनाथ सिग्देल र उनका जीवनी, व्यक्तित्व र कृतित्वलाई लिएर वि.सं. १९६३ सालदेखि सामान्य चर्चा परिचर्चा आरम्भ भएको देखिन्छ । उनका महाकाव्यमा खासगरी ग्रहण गरिएको विषय, उनका कृतिहरूमा प्रस्तुत चिन्तनमा देखिएको आध्यात्मिकता र उनका महाकाव्यको विषयमा देखापरेका बौद्धिक प्रयोगशीलतालाई लिएर केही समीक्षाहरू गरिएका छन् । यसबाहेक उनका रचनाका अन्य विषयलाई लिएर तयार पारिएका शोध, समालोचना र समीक्षाात्मक टिप्पणी र लेखहरू पनि प्रकाशित छन् । तिनको समीक्षा गरी यस अध्ययनको रिक्तता स्थापित गर्नका लागि तिनलाई यहाँ कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ ।

वासुदेव त्रिपाठी (२०२७) ले *सिंहावलोकन* कृतिमा  संस्कृत–साहित्यका शास्त्रीय परिपाटीप्रतिको अनुरक्ति नै आदर्श राघवका सीमा र प्राप्ति हुन् भनेका छन् भने नरहरिनाथ (२०३३) ले *साहित्यमा सोमनाथ सिग्देलको योगदान* नामक शोधपत्रमा भानुभक्त र बालकृष्णका समकक्षी रूपमा तुलनात्मक अध्ययन गरेका छन् । नरहरिनाथ (२०४०) ले *पण्डित सोमनाथ सिग्देल र उनको महाकाव्य साधना* नामक पुस्तकको काव्यको मूल्याङ्कन शीर्षकमा काव्यको विषयमा चर्चा

गर्दै सोमनाथ सिग्देलका काव्य प्रवृत्ति काव्यिक प्रवृत्तिको मात्र अध्ययन गरेका छन् । ठाकुरप्रसाद पराजुली (२०४५) ले *नेपाली साहित्यको परिक्रमा* कृतिको नेपाली साहित्यका यशस्वी साधक *सोमनाथ* नामक शीर्षकमा उनको व्यक्तित्वको चर्चा गर्दै उनको व्यक्तित्व सन्त जस्तो गम्भीर देखिन्छ भनेका छन् । ताराप्रसाद जोशी (२०४६) ले *आदर्शराघवको शास्त्रीय विवेचना* नामक कृतिको निष्कर्षमा पूर्वीय उत्तर–कालीन काव्य परिपाटीबाट प्रभावित भएर पनि कवि सिग्देल मौलिक छन् भनेका छन् । राममणि रिसाल (२०५०) ले *नेपाली काव्य र कविता* नामक कृतिको *आदर्श–राघव* र *पूर्वीय काव्य लक्षण* नामक शीर्षकमा लोकप्रियताको दृष्टिले *आदर्श-राघव* केही पर पन्छिए तापनि सिद्धान्त शास्त्रीय एवं बौद्धिकवर्गका लागि उपादेय वस्तु बन्छ भन्दै आफ्नो दृष्टिकोण राखेका छन् । विनयकुमार शर्मा नेपाल (२०५९) ले *नेपाली महाकवि र महाकाव्य* नामक कृतिमा कृतिको परिष्कारलाई पाण्डित्यपूर्ण, विचार शिल्प, छन्दकाव्य विविधताले सर्वाधिक स्थान ओगटेको कुरा बताएका छन् ।

प्रस्तुत कृतिका सन्दर्भमा महादेव अवस्थी (२०६४) ले *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श* नामक कृतिमा महाकाव्यकार सोमनाथ सिग्देल : यात्रा प्रवृत्ति र योगदान नामक शीर्षकमा उनको महाकाव्यिक योगदानको चर्चा गर्ने क्रममा महाकाव्यको विलक्षण ऐतिहासिक महत्त्व छ भन्दै महाकाव्यको ऐतिहासिक महत्त्वलाई प्रस्ट पारेका छन् । सोमनाथ सिग्देल (२०६७) ले *महाकाव्य* को भूमिकाको तेस्रो संस्करण *दिशादर्शन* नामक शीर्षकमा यस महाकाव्यमा मानवीय शक्तिको उपयोग स्वार्थभन्दा परमार्थतर्फ भएकाले अति गौरवान्वित मानिन्छ भन्ने विचार प्रस्तुत गरेका छन् । सोमनाथ सिग्देल (२०६७) ले *महाकाव्य* को भूमिकाको तेस्रो संस्करणमा महाकाव्यको प्रकाशकीय भूमिकामा नेपाली महाकाव्यको आदर्श दृष्टान्तको चर्चा गरेका छन् । रामप्रसाद ज्ञवाली (२०६८) ले *महाकाव्य सिद्धान्त र नेपाली प्रयोग* नामक समालोचना ग्रन्थमा 'महाकाव्यकार सोमनाथ सिग्देल र आदर्श राघव' शीर्षकमा वेदान्त दर्शनबाट अनुप्राणित प्राचीन संस्कार बोकेको भारतीय आर्य सभ्यताबाट दीक्षित र वैदिक सनातनी, वेदान्त दर्शन र आध्यात्मिक महाकाव्यकारका रूपमा चिनाएका छन् । चन्द्रप्रसाद न्यौपाने (२०७१) ले *नेपाली महाकाव्यको इतिहास र विश्लेषण* ग्रन्थको पण्डित सोमनाथ नामक शीर्षकमा आदर्शराघवलाई चिनाउने क्रममा उनको आदर्शराघव त्यतिखेरको समयमा एक अनुपम उदाहरण मानेका छन् ।

*आदर्श- राघव* महाकाव्यका सम्बन्धमा र उनका महाकाव्यका विषयमा चर्चा गर्ने सन्दर्भमा प्रस्तुत भएका अध्ययनहरूमा सामान्य परिचय, विश्लेषण र अनुसन्धान विविध कोणबाट भए तापनि उनको *आदर्श- राघव* महाकाव्यलाई ब्रह्मचिन्तनका दृष्टिले हालसम्म गहन र नवीन तथ्य खुल्ने गरी अनुसन्धान कार्य भएको पाइएको छैन । यही भविष्यमा यस सम्बन्धी अध्ययन गर्न र अनुसन्धान गर्न चाहनेहरूका लागि प्राज्ञिक जिज्ञासा पूर्ति गर्नका लागि शोधको रिक्ततालाई पूर्णता दिन प्रस्तुत अनुसन्धान कार्य गरिएको छ । यो महाकाव्य सोमनाथ सिग्द्यालको (२००५) सालमा प्रकाशित भएको महाकाव्य हो । उनको काव्यकयात्रा *मणिनीरज्जन* (१९६३) बाट सुरु भएर नाट्य कविता : *दिगम्बर, विवाह–प्रहसन* (१९६३), अप्रकाशित महाकाव्य : *चन्द्रचरित* (१९७६–८६) हुँदै *आदर्श–राघव* (२००५) सम्म विस्तारित भएको पाइन्छ । उनले आफ्ना कविता, काव्य पूर्वीय दर्शनको शास्त्रीय मान्यताभित्र रहेर लेखेका छन् । उनको पारिवारिक पृष्ठभूमि हेर्दा आध्यात्मिक, नैतिक चेतनाले निर्देशित भएको पाइन्छ । उनको वैचारिकता र जीवन दर्शनलाई हेर्दा उनी वेदान्तीय मूल्य–मान्यताभित्र विस्तारित भएको छ ।

ब्रह्म चिन्तनका विषयमा वेदान्त दर्शनमा विभिन्न अवधारणा प्रस्तुत गरिएको पाइन्छ । व्यक्तित्वशून्य, निर्गुण, मायाबाट अप्रभावित, चेतन, आनन्दमय, सच्चिदानन्द हुन्छ भन्ने मान्यता राखिएको कुरा वेदान्त दर्शनमा बताइएको छ । यस्तो ब्रह्मको स्वरूप पहिचान गर्ने क्रममा ब्रह्म सगुण र निर्गुण हुन्छ भन्ने मान्यता वेदान्तदर्शनले राखेको छ । यसै सत्यलाई ईश्वरको सगुण र निर्गुण रूपसँग पनि परिभाषित गरिएको छ । ब्रह्ममा एकीकृत भइसकेपछि आफू मुक्त, चेतनस्वरूप, आनन्दस्वरूपमा रहने कुरा वेदान्तले गरेको छ । यी मान्यताहरूको विशेष प्रभाव *आदर्श–राघव* महाकाव्यमा परेको छ । *आदर्श–राघव* महाकाव्यमा ब्रह्म चिन्तनको स्वरूप कस्तो छ ? अभिव्यक्ति कसरी प्रकट भएको छ ? प्रभाव कसरी परेको छ ? भन्ने जिज्ञासालाई परिपूर्ति गर्ने उद्देश्यले यसको अध्ययन गरिएको हुनाले यस आलेखमा सोही सीमाभित्र केन्द्रित रहेर महाकाव्यमा प्रतिबिम्बित सगुण र निर्गुण ब्रह्मको पहिचान तथा विश्लेषण गर्ने कार्य गरिएको छ ।

**समस्याकथन**

*आदर्श- राघव* महाकाव्यमा वेदान्त दर्शनले निर्दिष्ट गरेको अद्वैत वेदान्त दर्शनमा ब्रह्म चिन्तनसम्बन्धी मान्यता कुन रूपमा ? कसरी प्रतिबिम्बन भएको छ भनी खोजी गर्नु यस लेखको प्रमुख समस्याका रूपमा रहेको छ । यही आधार बनाएर सोमनाथ सिग्देलको *आदर्श-राघव* महाकाव्यमा यी चिन्तनको प्रभाव कसरी परेको छ ? यस्ता मान्यताहरू कसरी प्रतिबिम्बित भएका छन् ? यी मान्यतालाई महाकाव्यका आधारमा कसरी निरूपण गर्न सकिन्छ ? भन्ने प्राज्ञिक जिज्ञासा प्रस्तुत आलेखमा रहेको छ । सोही तथ्यमा आधारित समस्या ठम्याउनु यो लेखको मुख्य समस्या हो । यही समस्यासँग सम्बन्धित रही गरिने प्रस्तुत लेखको जिज्ञासा निम्नअनुसार रहेका छन् :

क. *आदर्श–राघव* महाकाव्यमा ब्रह्मसम्बन्धी चेतनाको स्वरूप के कस्तो छ ?

ख. *आदर्श–राघव* महाकाव्यमा सगुण ब्रह्म चिन्तनलाई कसरी प्रस्तुत गरिएको छ ?

ग. *आदर्श–राघव* महाकाव्यमा निर्गुण ब्रह्म चिन्तन किन प्रस्तुत गरिएको छ ?

माथि उल्लिखित *आदर्श–राघव*का विषयमा उठेका जिज्ञासालाई परिपूर्ति गर्न महाकाव्यमा अभिव्यक्त वेदान्तीय चेतनाको कारक तत्त्व, आत्मा—परमात्मा वा ब्रह्मसम्बन्धी चेतना ठम्याउनु नै प्रस्तुत लेखको मूल उद्देश्य रहेको छ । तसर्थ यस उद्देश्यसँग केन्द्रित भई गरिएको प्रस्तुत लेखनकार्यले *आदर्श–राघव* महाकाव्यमा ब्रह्मसम्बन्धी चेतनाको स्वरूप पहिचान गरेर *आदर्श–राघव* महाकाव्यमा प्रतिबिम्बित सगुण र निर्गुण ब्रह्म चिन्तनलाई पहिल्याइएको छ ।

**शोधविधि र ढाँचा**

प्रस्तुत लेखका निमित्त मुख्यतः पुस्तकालयीय अध्ययन गरी सामग्रीहरूको सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका विभिन्न सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई प्रकारका रहेका छन् । *आदर्श–राघव* महाकाव्य प्राथमिक स्रोतका रूपमा रहेको छ भने वेदान्त दर्शनले प्रतिपादन गरेको ब्रह्मसम्बन्धी सैद्धान्तिक अवधारणाको निर्माण र त्यसको पुष्टि लागि सङ्कलन गरिएका कृति, समालोचना, समीक्षा र लेख आदि सामग्रीहरू द्वितीय सामग्रीका रूपमा रहेका छन् । *आदर्श–राघव* महाकाव्यलाई ब्रह्मचिन्तनसम्बन्धी राखिएका दृष्टिकोण र मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा प्रयोग गरिएको छ । यसै सिद्धान्तलाई व्याख्या–विश्लेषणको आधार बनाइएको छ ।

**सामग्री विश्लेषणको सैद्धान्तिक आधार**

प्रस्तुत अध्ययनमा वेदान्त आदर्श राघवको विश्लेषणका लागि वेदान्त दर्शनले प्रतिपादित गरेको ब्रह्म चिन्तनलाई मूल अवधारणाका रूपमा लिइएको छ । यसलाई चिनाउनका लागि विविध सूचकहरूको यसरी प्रयोग गरिएको छ । जसलाई निम्न आधारमा प्रस्तुत गरिएको छ ।

**ब्रह्मसम्बन्धी चिन्तन**

दर्शनअनुसार ब्रह्मलाई जगत्को मूल कारण मानिएको छ । यो सत्, चित् र आनन्द स्वरूप हुन्छ भनिएको छ । यसलाई नित्य, निर्विकल्प र महान् चेतन तत्त्वका रूपमा लिइएको छ । चिन्तन भनेको विचार, बिम्ब, प्रतीक आदि सहायताले कुनै विषय वा समस्याको मनमनै समाधान गर्ने प्रक्रिया हो जसमा विभिन्न विचार स्थित घटनाका बीचको पारस्परिक सम्बन्ध खोजी गर्ने मानसिक कार्य गम्भीर रूपमा सोचेर समाधान निकाल्ने कार्य गरिएको हुन्छ (पोखरेल र अन्य, २०५०, पृ. ३९०) । भन्ने कुरा स्पष्ट पारिएको छ ।

ब्रह्मका विषयमा ज्ञान भयो भने यस्तो परम कल्याणमय ब्रह्मलाई जान्ने ब्रह्मज्ञानी पुरुष ब्रह्म नै हुन्छ भनिएको छ यसलाई स्पष्ट पार्दै : यस्तो ब्रह्मको स्वरूपको चर्चा गरिएको छ "जब महाशक्ति क्रियाशील हुन्छ तब त्यो सगुण मानिन्छ र जब महाशक्ति मिल्छ तब त्यो महाशक्ति निर्गुण मानिन्छ (खड्का, २०७१, पृ. ४५९) भन्ने दृष्टिकोण राखिएको छ । यस सम्बन्धमा वेदान्त सिद्धान्तअनुसार सृष्टि ब्रह्मको विवर्त हो । संसार वेदका चारै महावाक्यहरू जीव ब्रह्मदेखि अभिन्न हो भनी बताउँछन् (गिरि, २०५१) । यस भनाईबाट जीव र ब्रह्मको एकत्वपूर्ण अवस्थासम्बन्धी अवधारणा प्रकट भएको तथ्य पुष्टि भएको छ । यसै प्रसङ्गलाई अझ स्पष्ट पार्दै ईशादि नौ उपनिषद् ग्रन्थको मुण्डकोपनिषद् २ को शङ्करभाष्यमा यसका सम्बन्धमा भनिएको छ :

ब्रह्मैवेदममृतं पुरस्ताद्ब्रह्म पश्चाद्ब्रह्म दक्षिणतश्चोत्तरेण ।

अधश्चोर्ध्वं च प्रसृतं ब्रह्मैवेदं विश्वमिदं वरिष्ठम् ॥११॥

(शङ्करभाष्य, २०७४, पृ. ५ यसैक्रममा ईशादि नौ उपनिषद् ( शङ्करभाष्यार्थ) मा ब्रह्मका स्वरूपका बारेमा चर्चा गर्दै बताइएको :

अजमनिद्रमस्वप्नमनामकमरूपकम्

संकृद्विभातं सर्वज्ञं नोपोचार:कथन्चन ॥(शङ्करभाष्यार्थ,पृ.७०६)

उपर्युक्त कथनमा ब्रह्म जन्मरहित,निद्रारहित,स्वप्नशून्य,नामरूपरहित नित्य प्रकाशस्वरूप चैतन्य र सर्वज्ञ रहेको कुरा बताइएको छ। यस्तो ब्रह्म वरपर,अगाडि पछाडि,तलमाथि अगाडि पछाडि चारैतर्फ फैलिएको हुन्छ । यो देखिने जगत् नै ब्रह्मको स्वरूप हो भन्ने धारणा माथिका सूक्तिले प्रकट गरेको छ। यसरी ब्रह्मका विषयमा वेद, उपनिषद् र विविध ग्रन्थहरूमा आ-आफ्ना विचार र अवधारणा रहेको भेटिन्छ । यसको प्रभाव सोमनाथ सिग्द्यालको *आदर्श राघव* महाकाव्यमा परेको हुँदा निम्न शीर्षक र उपशीर्षकमा यसकोव्याख्या र विश्लेषण गरिएको छ।

***आदर्श राघव* महाकाव्यको विषयवस्तुमा ब्रह्मको स्वरूप**

*आदर्श राघव* महाकाव्यको विषयवस्तुमा ब्रह्मको स्वरूपको चर्चा गरिएको छ। वेदान्त दर्शनमा सगुण र निर्गुण स्वरूपका विषयमा चर्चा गरिएको पाइन्छ। यस महाकाव्यको विषयवस्तुलाई पूर्वीय महाकाव्य परम्परा अनुरूप शास्त्रीय छन्दमा विस्तार गरिएको छ । महाकाव्यको विषय उठानको प्रारम्भिक भागमै वेदान्त दर्शनले प्रतिपादन गरेको सगुण र निर्गुण ब्रह्मसत्ताको चित्रण गरिएको पाइन्छ। महाकाव्यको मङ्गलाचरण ईश्वरीय आराधनाबाट सुरु गरिएको छ। वेदान्तमा ईश्वरलाई ब्रह्मको सगुण र निर्गुण स्वरूपका रूपमा वर्णन गरिएको छ। यस महाकाव्यमा आदर्श पात्रका रूपमा रहेका राघव सगुण ब्रह्मका रूपमा स्थापित पात्र रूपमा रहेका छन्।

प्रथम सर्गमा आदर्श राघवको जन्मका कारण परिवारमा परमानन्दको अनुभव भएको तथ्य प्रकट भएको छ। राम आनन्दमय ब्रह्मको स्वरूप भएकाले राम नै वेदान्तले वर्णन गरेको सगुण सत्तारूपी आनन्दमय ब्रह्म हुन् भन्ने विचार प्रस्तुत गरिएको छ । द्वितीय सर्गमा विभिन्न उपशीर्षकहरूमा राजा जनकको सुखमय आनन्द जीवनशैली र राघवको अभिनन्दनमार्फत् ब्रह्ममय आनन्दको चर्चा गरिएको छ । तृतीय अध्यायमा प्रकृतिलाई ब्रह्मको सगुण शक्ति तथा राम र सीतालाई ईश्वरीय सगुण सत्ताका रूपमा स्थापित गरिएको छ । परशुरामद्वारा शिवधनुष भङ्गको घटनामार्फत् रामको वीर्यशाली कार्यद्वारा ब्रह्ममय सगुण शक्तिको परिचय दिइएको छ । चतुर्थ अध्यायमा रामको वन प्रस्थान तथा पञ्चम अध्यायमा पितृ र पुत्रबीचको वियोग अवस्था देखिन्छ । आदर्श राघव महाकाव्यका विभिन्न सन्दर्भहरूमा सगुण ब्रह्म चिन्तन स्पष्ट रूपमा प्रस्तुत भएको छ। यो चरित्रप्रधान महाकाव्य हो र चरित्रका विशेषताहरूको वर्णन गर्दै कविले ब्रह्मको सगुण चिन्तन प्रस्तुत गरेका छन्।

प्रस्तुत महाकाव्यको विषयवस्तुको आरम्भ सगुण ईश्वरीय सत्ताको आराधनाबाट भएको छ। प्रथम सर्गमा ब्रह्मको सगुण स्वरूपको चित्रण गरिएको हुँदा मङ्गलाचरणमा नै वेदान्तअनुसार सृष्टि, स्थिति र प्रलयका कर्ता मानेर पञ्चमुखी शिव पशुपतिनाथको नमन गरिएको छ । विभिन्न पौराणिक पात्रहरूको आधारमा कविले ब्रह्मको सगुण स्वरूप प्रस्तुत गरेका छन्। वेदान्तले पनि यी देवी–देवताहरूलाई सगुण ब्रह्मका रूपमा स्वीकार गरेको पाइन्छ।

प्रथम सर्गका अधिकांश श्लोकहरूमा देवी–देवताका स्वरूप, नाम, रूप र कार्यको वर्णन गरिएको छ। यस क्रममा दरबार, कैकेयी, भरत र रावणजस्ता पात्रहरूको चरित्रगत पक्ष उजागर गरिएको छ । यी पात्रहरूका माध्यमबाट जीव मायावी शक्तिको प्रभावले बन्धनमा परेको देखिन्छ। वेदान्तीय मान्यताअनुसार राम र दशरथ दुवैमा सांसारिक मायाको प्रभाव परेको देखिन्छ। पञ्चम सर्गमा गुरु वशिष्ठद्वारा प्रदान गरिएको ज्ञानका कारण राम स्थितप्रज्ञ अवस्थामा पुगेका छन्। स्थितप्रज्ञ अवस्था मुक्त अवस्था हो, जुन ब्रह्म अवस्थाको रूपमा स्वीकार गरिएको छ । यसरी रामलाई सगुण ब्रह्मस्वरूपका रूपमा प्रस्तुत गरिएको छ।

षष्ठ अध्यायमा रामको आगमनले पर्णकुटी शोभायमान बनेको छ । राम र सीताको दाम्पत्य जीवनले ब्रह्ममय आनन्दको अनुभूति गराएको छ ।सप्तम् अध्यायमा सीताहरणपछि राम शोकाकुल भएका छन् । अष्टम अध्यायमा वसन्त ऋतुको आगमन भए पनि सीताहरणका कारण राममा मानसिक विचलन देखिन्छ। यसबाट रामको ब्रह्मस्वरूपमा भ्रमका

कारण उत्पन्न हुने संसारिक मोहबन्धनको व्यवहारिक सत्ताको ब्रह्मलाई छोपिएको अवस्था प्रतिभाष भएको छ । नवम अध्यायमा सुग्रीव र हनुमानसँगको मिलनबाट सीताको खोजीमा सहयोग प्राप्त भई राममा केही आनन्दको अनुभूति हुन्छ । दशम अध्यायमा हनुमानद्वारा सीताको भेट भएपछि सीतामा पनि आशा र आनन्दको भावना उत्पन्न हुन्छ । एकादश अध्यायमा राम र रावणबीचको युद्धमार्फत् दैवी र आसुरी प्रवृत्तिको चित्रण गरिएको छ । यसले सगुण ब्रह्म शक्तिको स्पष्ट अभिव्यक्ति देखाउँछ । द्वादश सर्गमा रामको विजयपछि हर्ष र उल्लासको अवस्था देखिन्छ । वेदान्तले ब्रह्म जन्मरहित, निद्रारहित, स्वप्नशून्य, नामरूपरहित नित्य प्रकाशस्वरूप चैतन्य र सर्वज्ञ  रहेको कुरा बताइएको छ । यस समयमा सबैमा हर्षमय उल्लासका कारण ब्रह्मको चैतन्य निर्गुणमय अवस्था रहेको देखिन्छ ।

त्रयोदश सर्गमा गुरु वशिष्ठद्वारा राज्याभिषेकको उपदेशमार्फत् राममा राजसत्ता र सगुण शक्तिको परिचय दिइएको छ । चतुर्दश सर्गमा चन्द्र र चाँदनीको समागम, रामका आनन्दमय वाणी, सीताको प्रेमोक्ति तथा दाम्पत्य मिलनमार्फत् सगुण ब्रह्मको अभिव्यक्ति देखिन्छ । पञ्चदश सर्गमा अयोध्याको मङ्गलमय वातावरण, न्याय, शान्ति र विवेकको स्थापनाबाट आदर्श रामराज्यको चित्रण गरिएको छ । अन्तिम सर्ग षोडशमा सीताको त्याग घटनासहित महाकाव्यको समापन भएको छ ।  महाकाव्यको समापनमा सीता ब्रह्मलीन अवस्थामा पुगेकि छिन् । यो अवस्था भनेको गुणरहित आत्माको परमात्मासँग मिलको अवस्था भएको तथ्यलाई वेदान्तले स्वीकारेको र यहाँ घटित घटना र विषयमा यही अवस्था रहेकोले ब्रह्मको स्वरूपजन्य जन्मरहित, निद्रारहित, स्वप्नशून्य, नामरूपरहित नित्य प्रकाशस्वरूप चैतन्य र सर्वज्ञ रहेको कुरा ब्रह्मलीन अवस्थाबाट  पुष्टि भएको छ ।  यहाँ वर्णित विषय र महाकाव्यको [1]वैचारिकतामा ब्रह्मका यिनै अवस्था र स्वरूप प्रतिबपम्बित भएको हुँदा महाकाव्यलाई यसै आधारमा ब्रह्मलाई चिन्न सगुण र निर्गुण दुई स्वरूपका सूचकहरूमा विभाजन गरिएको छ; जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ । यसै आधारमा महाकाव्यभित्र रहेका पङ्क्तिगुच्छलाई  साक्षका रूपमा लिएर सगुण र निर्गुण ब्रह्मको सिद्धान्तलाई आधार बनाएर निम्न शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ ।

**अदर्श राघव महाकाव्यमा सगुण ब्रह्म**

सगुण ब्रह्म भन्नाले गुण, चिह्न र लक्षणहरूको सत्ता विद्यमान भएको  ज्ञानस्वरूप एवं अनन्त नै ब्रह्म हो । ब्रह्म परमसत्य, शुद्ध ज्ञान, अखण्ड आनन्द र अनन्त छ । शान्त, शिव, सत्, चित् आनन्द नै ब्रह्मको स्वरूप हो । यसै सम्बन्धमा स्पष्ट पार्दै भनिएको छ : यो सबै जडचेतनमय विश्व ब्रह्मको स्वरूप हो । ब्रह्म नै यसको आत्मा हो । यो साकार, बोधगम्य एवं सोपाधिक हुने भएकाले निर्वचनीय हुन्छ भन्ने बताइएको छ (शर्मा, २०७१, पृ. २१) । अपर ब्रह्म ईश्वर हो र ऊ समस्त विश्वको नियन्ता, कर्ता, हर्ता र विभिन्न साकार रूपेण उपास्य हुन्छ । सगुण ब्रह्मका तटस्थ र स्वरूपगत दुई लक्षण हुन्छन् । आचार्य शङ्करका अनुसार निर्गुण परब्रह्मको सगुण सविशेष रूप नै अपर ब्रह्म अथवा ईश्वरका रूपमा चिनिन्छ । निरुपाधिक ब्रह्म मायामय उपाधिका कारण ईश्वरका रूपमा देखापर्दछ । सापेक्ष बुद्धिको उच्चतम गन्तव्य स्थल ईश्वर हो । ईश्वर, जीव र जगत् यी तीनैवटाको व्यावहारिक अस्तित्व छ । ईश्वर ब्रह्मको सर्वोच्च विवर्त हो । जीवले ब्रह्ममा माया आरोपण गर्दा ऊ ईश्वर प्रतीत हुन्छ । वास्तवमा ब्रह्म नै जीवका लागि ईश्वर बनेको हुन्छ (उपाध्याय, २०६६, पृ. १२५) । यसैगरी ब्रह्मको सगुणस्वरूप विवेचनका क्रममा ऋग्वेदको पुरुष सूक्तअन्तर्गत हजारौँ शिर भएको, अनन्त चक्षु भएको र अनन्त पाद भएको विराट् पुरुषको वर्णन गरिएको छ । त्यस्तै माण्डूक्योपनिषद्मा परब्रह्मलाई सर्वज्ञ एवं ज्ञानमय मानिएको छ (गिरि, २०५५, पृ. १३०) ।यसै प्रसङ्गलाई अझ स्पष्ट पार्दै सगुण ब्रह्मस्वरूप अवस्थाको चर्चा गर्दै भनिएको छ :

सर्वत्र दृश्यते स्वस्थः सर्वत्र विमलाशयः ।

समस्त वासनामुक्तो मुक्तः सर्वत्र राजते ॥११॥ रिसाल, २०७०, पृ. २७१)

मुक्त पुरुष जहाँसुकै र जहिलेसुकै प्रसन्न देखिन्छन् र उसको अन्तःकरण जुनसुकै अवस्थामा पनि विकार रहित हुन्छ । त्यस्तो अवस्थाको स्वरूप प्रकाशमय आनन्दमा रहेको हुन्छ भनिएको छ । तसर्थ सगुण ब्रह्मको गुण विशेषलाई व्यावहारिक रूपमा आरोपित गरिएको छ । व्यावहारिक रूपमा ब्रह्मको गुण जीव, ईश्वर र जगत्का रूपमा चल, अचल, स्थिर, अस्थिर रूपमा देखिएर व्यवहारिक सत्यतालाई प्रतिभास गराउन आएको हुन्छ भन्ने कुरा बताइएको छ । यसरी

वेदान्त दर्शनमा स्थापित सगुण ब्रह्म चिन्तनको प्रभाव *आदर्श- राघव* महाकाव्यमा प्रतिबिम्बित भएर रहेको देखिन्छ। जस्लाई निम्न शीर्षकमा विश्लेषण गरेर देखाइएको छ।

**आदर्श राघव महाकाव्यमा सगुण ब्रह्मचिन्तन**

महाकाव्यकार सोमनाथ सिग्देलले *आदर्श राघव* महाकाव्यको प्रारम्भ नै ब्रह्मको सगुण स्वरूपको आराधनाबाट गरेका छन्। उनले शिव, शक्ति, गणेश, शब्द–ब्रह्म तथा गुरु आदिलाई प्राथमिक स्थानमा राखी महाकाव्यको लेखन प्रारम्भ गरेका छन्। उनका अनुसार मन, वचन र कर्मभन्दा माथि परमसत्ता विद्यमान छ, र यही परमसत्ताबाट सृष्टि, स्थिति र संहारका कार्य सञ्चालन हुन्छन् भन्ने दार्शनिक विश्वास यस काव्यमा अभिव्यक्त भएको छ। यस सन्दर्भमा प्रस्तुत श्लोकमा सगुण ब्रह्मको स्वरूप यसरी वर्णन गरिएको छः

श्रीपूर्ण पञ्चमुख मूर्ति लिई स्वरूप
सृष्टि–स्थिति–क्षय–निरोध–कृपानुरूप
सच्चित्सुखात्मक चनिरञ्जन स्वरूप
सबै चराचर पशुपति प्रभूको स्वरूप। (सिग्देल, पृ. १)

श्लोकको पहिलो पङ्क्तिमा प्रयोग गरिएको "श्रीपूर्ण पंचमुख मूर्ति" पदावलीले भगवान् पशुपतिनाथ (भगवान् शिव) को पंचमुखी स्वरूपलाई जनाएको छ। शिवका पाँच मुख—सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान—ले क्रमशः सृष्टि, स्थिति, संहार, तिरोभाव (निरोध) र अनुग्रहका कार्यलाई प्रतिनिधित्व गरेका छन्। यस प्रकार, ईश्वरलाई एकल कार्यमा सीमित नगरी सम्पूर्ण ब्रह्माण्डीय प्रक्रियाको केन्द्रका रूपमा प्रस्तुत गरिएको छ। "श्रीपूर्ण" शब्दले ईश्वरको पूर्णता, सर्वशक्तिमत्ता र सर्वव्यापकतालाई सङ्केत गरेको छ। सगुण ब्रह्मका रूपमा ईश्वरको यो बहुआयामिक स्वरूप भक्तका लागि सहज उपास्य र बोधगम्य मानिएको छ।

"सृष्टि-स्थिति-क्षय निरोध स्वरूप" भन्ने पदले ईश्वरको ब्रह्माण्डीय भूमिकालाई स्पष्ट गरेको छ। **सृष्टि** सम्पूर्ण जगतको उत्पत्ति **स्थिति** जगतको संरक्षण र सञ्चालन **क्षय** समयानुसार विनाश **निरोध** पुनः एकीकरण वा नियन्त्रण यी चारै प्रक्रिया एउटै परम तत्त्वद्वारा सञ्चालित हुन्छन् भन्ने धारणा सगुण ब्रह्मचिन्तनको मूल आधार हो। यसले ईश्वरलाई केवल सृष्टिकर्ता मात्र नभई नियन्ता र संरक्षकको रूपमा पनि स्थापित गरेको हुन्छ। यस दृष्टिले, ईश्वरप्रति पूर्ण समर्पण र विश्वासको भावना विकसित हुन्छ, जसले भक्तिलाई अझ सुदृढ बनाएको छ।

श्लोकको तेस्रो पङ्क्तिमा ब्रह्मको आध्यात्मिक स्वरूपलाई अत्यन्त सूक्ष्म रूपमा व्याख्या गरिएको छ। "सत्" "चित्" र "आनन्द"को संयोजनले सच्चिदानन्द बनेको छ। **सत्** : शाश्वत अस्तित्व **चित्** : चेतनात्मक शक्ति **आनन्द** : परम सुख"निरंजन" शब्दले ब्रह्मको निष्कलुष, माया रहित र शुद्ध स्वरूपलाई जनाएको छ। यो सगुण रूपमा प्रकट भएको छ। यसरी, प्रस्तुत श्लोकले सगुण स्वरूपको सुन्दर ढंगले अभिव्यक्त गरेको छ।

"सम्झिरहौँ पशुपति प्रभुको स्वररूप" भन्ने अन्तिम पङ्क्तिले निरन्तर ईश्वरस्मरणको महत्त्वलाई जोड दिएको छ। ब्रह्मचिन्तनमा नाम, रूप, गुण र लीलाको स्मरणले ब्रह्म प्राप्तिको प्रमुख साधन मानिएको छ। पशुपतिनाथको निरन्तर स्मरणले चित्तशुद्धि, मानसिक शान्ति, आध्यात्मिक उन्नति प्रदान गर्ने भएकाले पशुपतिनाथ सगुण ब्रह्मका रूपमा रहेका छन्। यद्यपि सगुण ब्रह्मचिन्तनले ईश्वरलाई साकार रूपमा प्रस्तुत गरेको छ। वेदान्त दर्शनले निर्गुण ब्रह्मलाई नै सर्वोच्च सत्य मानेको छ। व्यवहारिक जीवन र भक्ति साधनामा सगुण ब्रह्मको महत्त्व स्वीकारेको छ।

प्रस्तुत श्लोकले यी दुई धाराबीचको द्वन्द्वलाई समाधान गर्दै सगुण रूपमार्फत् निर्गुण तत्त्वको अनुभूति गर्न सकिने मार्ग देखाएको छ। यसले दर्शनभित्र रहेको सगुण ब्रह्मको सन्तुलन कायम गरेको छ। तसर्थ यो श्लोक सगुण ब्रह्मचिन्तनको उत्कृष्ट उदाहरण बनेको छ। यसमा परमेश्वरलाई पंचमुखी, पूर्ण स्वरूप सृष्टि-चक्रका नियन्ता सच्चिदानन्द तत्त्वका रूपमा चित्रण गरिएको छ। यसले भक्तिमा आधारित आध्यात्मिक मार्गलाई सुदृढ बनाउँदै, ईश्वरप्रतिको आस्था, श्रद्धा र निरन्तर स्मरणलाई जीवनको मूल आधारका रूपमा स्थापित गरेको छ। तसर्थ यो श्लोक सगुण ब्रह्म चिन्तनका दार्शनिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण बनेको छ। यसरी यस काव्यभित्र ब्रह्म चिन्तनलाई काव्यभित्र प्रथम सर्गका सबै

श्लोकका माध्यमद्वारा  अभिव्यक्त गरिएको छ । यसै प्रसङ्ग गणनायकको प्रार्थना गर्ने क्रममा पनि सगुण ब्रह्मचिन्तन अभपव्यक्त भएको भेटिन्छ । जसलाई तलका श्लोकबाट पनि देखाउन सकिन्छ :

जो विश्वनायक विनायक एकरूप
जो अचिन्त्य गणनाथ समस्वरूप
ती विघ्नराज भई विघ्न–विनाशकारी
देव प्रसन्न–मुखको महिमा छ भारी । (सिग्देल, पृ. १)

प्रस्तुत श्लोकमा भगवान गणेशलाई "विश्वनायक" र "विनायक" शब्दहरूले गणेशलाई सम्पूर्ण जगतका अधिपति र मार्गदर्शकको रूपमा प्रस्तुत गरिएको छ । सगुण ब्रह्मको विशेषता अनुसार ईश्वर केवल निराकार तत्त्व मात्र नभई सृष्टिको सञ्चालन गर्ने चेतन शक्ति पनि हो । यस सन्दर्भमा गणेशलाई विश्वको नेतृत्व गर्ने परम सत्ता मानिएको छ । उनी सृष्टिको आरम्भकर्ता र व्यवस्थित सञ्चालनकर्ता हुन्, जसले ब्रह्मको साकार रूपलाई अद्वतीय गणनाथ सम-स्वरूप" भन्ने पदले गणेशको अनुपम र सर्वव्यापक स्वरूपलाई व्यक्त गर्दछ । "अद्वितीय" ले उनको तुलना अन्य कुनै शक्तिसँग गर्न नसकिने जनाउँछ भने "गणनाथ" ले सम्पूर्ण जीव तथा शक्तिहरूका स्वामी भन्ने अर्थ दिन्छ । यसले सगुण ब्रह्मको समष्टिगत स्वरूपलाई देखाउँछ, जहाँ ईश्वर सम्पूर्ण अस्तित्वको केन्द्र बिन्दुका रूपमा राखी "विघ्नराज" र "विघ्न-विनाशकारी" विशेषणहरूले गणेशलाई बाधा हटाउने देवताको रूपमा स्थापित गर्छन् । सगुण ब्रह्मको एक प्रमुख विशेषता भनेको भक्तको दुःख निवारण गर्नु हो । गणेशको पूजा गर्दा जीवनका कठिनाइहरू हट्ने विश्वास धार्मिक परम्परामा गहिरो रूपमा स्थापित छ । यसले ईश्वरको करुणा र सक्रिय हस्तक्षेपलाई सङ्केत गरी "प्रसन्न-मुख" शब्दले गणेशको सौम्य र कृपालु स्वरूपलाई चित्रण गरृको छ । सगुण ब्रह्म उपासकप्रति दयालु र अनुग्रहशील हुन्छ भन्ने धारणा यहाँ प्रकट भएको छ । "महिमा छ भारी" भन्ने वाक्यांशले गणेशको दिव्य शक्ति र प्रभाव अत्यन्त महान् र अपरिमेय रहेको देखाउँछ । यसले भक्तिमा आधारित सम्बन्धलाई सुदृढ बनाएको छ ।

प्रस्तुत श्लोकमा भगवान गणेशलाई सगुण ब्रह्मका रूपमा चित्रण गरिएको छ, जसमा उनी विश्वका नियन्ता, अद्वितीय शक्ति, विघ्नहर्ता तथा करुणामय देवताको रूपमा प्रकट भएका छन् । यो श्लोकका प्रत्येक पदले सगुण ब्रह्मको दार्शनिक तथा भक्तिमूलक पक्षलाई सशक्त रूपमा प्रस्तुत गरेको छ । त्यसैले यो स्तुति केवल धार्मिक अभिव्यक्ति मात्र नभई ब्रह्मको सगुण स्वरूपलाई देखाउने गुणयुक्त ,सगुण ब्रह्म चिन्तनका दृष्टिले उत्कृष्ट बनेको छ ।

**निर्गुण ब्रह्म**

सत्व, रज, तमजस्ता कुनै पनि गुण नरहेर गुणरहित अवस्था रहेको ब्रह्मलाई निर्गुण ब्रह्म भचनएको छ । यो ब्रह्म आकार, प्रकार र संस्काररहित हुने कुरा बताइएको छ । यसलाई परब्रह्म पनि भनिएको छ । यसलाई गुण, चिह्न,रूपबाट चिन्न सकिँदैन । यसलाई मन वाणीले प्राप्त गर्न सकिँदैन भन्ने बताइएको छ । यो अनीर्वचनीय, गुणहरूको अभावका कारण निर्गुण ब्रह्मको भावात्मक पहिचान हुन सक्दैन । त्यसैले निर्गुण ब्रह्मलाई  शुद्ध र चैतन्य स्वरूप मानिएको छ, जुन समस्त व्यवहार, समस्त ज्ञान र समस्त अनुभवहरूको अनुधष्ठान हुँदाहुँदै निर्वचन भएर सबैभन्दा पर अनीर्वचनीय, निर्विकल्प, निरुपाधिक तथा वाणीद्वारा अग्राह्य रहेको बताइएको छ । त्यसैले निर्गुण ब्रह्मको सर्वत्र निषेधात्मक ,अनिर्वचनीय, अग्राह्य उपलब्ध छ भनिएको छ (शर्मा, २०७१, पृ. २२) । यसैगरी निर्गुण ब्रह्मका सम्बन्धमा स्पष्ट पार्दै ब्रह्म भेदरहित एवं देश र कालको सीमाभन्दा माथि छ भनिएको छ । ब्रह्ममा सजातीय, विजातीय र स्वगत कुनै पनि कुराको भेद हुँदैन । ब्रह्मलाई देश र कालको सीमासँग  जोडेर बुझ्न सकिँदैन । यसलाई अनुभवबाट मात्र प्राप्त गर्न सकिन्छ । आत्मा  नै ब्रह्म हो । आफ्नो वास्तविक स्वरूपमा रहनु नै ब्रह्म  हो । ब्रह्मको निर्गुण अवस्थामा मान्छेमा न कुनै इच्छा रहन्छ, न कुनै द्वेष रहन्छ । सम्पूर्ण दृश्यमान जगत्, म (आत्मा) भन्दा भिन्न  वस्तु होइन भन्ने बोध हुन्छ (गिरी, २०५५, पृ. १३०) भन्ने तथ्य प्रकट गरिएकोको छ ।

निर्गुण ब्रह्म निर्विशेष, निर्विकल्प,निरुपाधिक, निष्प्रपन्च,अपराक्षानुभूतीतिगम्य हुन्छ । तसर्थ निर्गुण ब्रह्म अदृश्य, अगोचर वाणीभन्दा पर सत्, चित्, आनन्दको अवस्थामा अवस्थित रहन्छ भन्ने कुरा स्पष्ट भएको छ । ब्रहमका यी सगुण र

निर्गुण स्वरूपको प्रतक्ष प्रभाव '*आदर्श–राघव*' महाकाव्यमा परेको हुँदा यी स्वरूपका आधारमा तलका सोही आधारमा महाकाव्यमा रहेका श्लोकलाई साक्ष बनाएर निर्गुण ब्रह्म चिन्तनको विश्लेषण गरिएको छ।

***आदर्श–राघव* महाकाव्यमा निर्गुण ब्रह्मचिन्तन**

*आदर्श- राघव* महाकाव्यमा निर्गुण ब्रह्मचिन्तन पनि स्पष्ट रूपमा प्रस्तुत भएको छ। निर्गुण ब्रह्म चैतन्य, निराकार तथा उपाधिरहित शुद्ध सत्ता हो, जसमा कुनै प्रकारको गुण, रूप, नाम वा सीमितता हुँदैन। यो सत्ता सदा सत्–चित्–आनन्द स्वरूपमा अवस्थित रहन्छ र कुनै पनि द्वैत, भेद वा परिवर्तनबाट प्रभावित हुँदैन। यस सन्दर्भमा महाकाव्यको आठौँ सर्गमा यसरी वर्णन गरिएको छ जसलाई निम्न साक्षद्वारा अझ स्पष्ट पारिएको छ :

न अब शीतल शीत लटक्क छन्

न खर आतप आँत पगाल्दछन्

न नव बादल वा दल बाँध्दछन्,

न त विपल्लव पल्लव पाउँछन् ( सिग्देल,पृ.७६)

प्रस्तुत श्लोकले प्रकृतिका विविध अवस्थाहरू—शीत, उष्णता, बादल, तथा पल्लव—को अभावलाई चित्रण गर्दै एउटा उच्च आध्यात्मिक अवस्थाको सङ्केत गर्दछ। यो अवस्था इन्द्रियगोचर जगतभन्दा परको, परिवर्तनरहित र निरपेक्ष सत्यतर्फ उन्मुख देखिन्छ। निर्गुण ब्रह्म दर्शनमा यस्ता सबै द्वन्द्वात्मक अवस्थाहरू (शीत-उष्ण, वृद्धि-क्षय) मिथ्या वा अवास्तविक मानिन्छन्। त्यसैले यस श्लोकलाई निर्गुण ब्रह्मको दार्शनिक दृष्टिले विश्लेषण गर्दा, यो भौतिक परिवर्तनबाट मुक्त, शाश्वत चैतन्यको अवस्थालाई उद्घाटित गर्ने काव्यात्मक अभिव्यक्ति ठहरिएको छ। **"न अब शीतल शीत लटक्क छन्"** यस पङ्क्तिले शीतलताको समाप्ति दर्शाएको छ। यहाँ 'शीत' केवल तापक्रमको अवस्था नभई द्वैतको एक पक्ष बनेको छ। निर्गुण ब्रह्ममा शीत वा उष्ण जस्ता कुनै गुणको अस्तित्व रहेको हुँदैन। अतः यो वाक्यांशले गुणातीत अवस्थाको सङ्केत गरेको छ। जहाँ कुनै प्रकारको अनुभूतिक भिन्नता रहेको देखिँदैन। "न खर आँतप आँत पगाल्दछन्" यहाँ 'आँतप' (ताप) पनि निषेध गरिएको छ। शीतको अभावपछि तापको पनि अभाव देखाइनुले द्वन्द्वको पूर्ण निराकरण भएको स्पष्ट हुन्छ। निर्गुण ब्रह्म न त शीत हो न त उष्ण; यो दुवैभन्दा परको अद्वैत तत्त्व हो भन्ने तथ्यलाई वेदान्तले देखाएको छ। "न अब बादल वा दल बाँध्दछ" बादलले आवरण छायाङ्कनको प्रतीकात्मक रूप मानिएको छ। ज्ञानशास्त्रीय रूपमा, बादल 'माया' वा 'अविद्या' को प्रतीक मानिन्छ, जसलेश सत्यलाई ढाक्छ। यस पङ्क्तिमा बादलको अभावले माया-विहीन अवस्थालाई सङ्केत गर्छ—जहाँ ब्रह्मको वास्तविक स्वरूप प्रत्यक्ष हुन्छ। "न त विपल्लव पल्लव पाउँछन्" 'पल्लव' वृद्धि र परिवर्तनको प्रतीक हो। निर्गुण ब्रह्ममा कुनै उत्पत्ति, वृद्धि वा क्षय हुँदैन। यसकारण, पल्लवको अभावले परिवर्तनरहित, नित्य र अविकार स्वरूपको पुष्टि गरेको छ।

निर्गुण ब्रह्म वेदान्त दर्शनको केन्द्रीय अवधारणाको रूपमा अवस्थित रहेको छ। जसले ब्रह्मलाई कुनै पनि गुण, रूप, वा विशेषताबाट मुक्त मानेको छ। प्रस्तुत श्लोकमा देखाइएको सम्पूर्ण निषेधात्मक संरचना (negation) "नेति-नेति" सिद्धान्तसँग मेल खाने भएकाले ब्रह्मलाई वर्णन गर्न असम्भव ठहर गर्दै सबै भौतिक विशेषताहरूलाई नकारेको हुन्छ। यस श्लोकमा:शीत र उष्ण द्वन्द्वात्मक अनुभूति बादल माया वा आवरण पल्लव परिवर्तन र सृष्टि सबैको अभाव देखाएर कविले एक यस्तो अवस्थाको चित्रण गरेका छन् जुन न त इन्द्रियग्राह्य छ, न परिवर्तनशील अवस्थामा रहेको हुन्छ त्यो र ती अवस्था नै निर्गुण ब्रह्मको अवस्था हो भनिएको छ। यो श्लोक वस्तुतः "अद्वैत अनुभूति" को काव्यात्मक प्रस्तुतिको रूपमा रहेको छ। जब साधक आत्मज्ञानको चरम अवस्थामा पुग्छ, तब उसले संसारका सबै द्वन्द्वहरू (सुख-दुःख, शीत-उष्ण) लाई पार गर्छ। यस अवस्थामा: समयको प्रभाव हुँदैन प्रकृतिका नियमहरू लागु हुँदैनन् कुनै उत्पत्ति वा विनाश हुँदैन यसरी, श्लोकले ब्रह्मानुभूतिको निश्चल, निर्विकार र निरपेक्ष अवस्थालाई चित्रण गर्दछ।

उक्त श्लोकले सम्पूर्ण भौतिक गुणहरू र परिवर्तनहरूलाई निषेध गरेर निर्गुण ब्रह्मको दार्शनिक सार प्रस्तुत गरेको छ। यहाँ प्रकृतिका सबै क्रियाकलापहरूको अभाव देखाएर एक शाश्वत, अद्वैत र निरपेक्ष सत्यको उद्घाटन गरिएको छ। यस प्रकार, श्लोक केवल प्राकृतिक अवस्था वर्णन होइन, बरु आत्मज्ञानको उच्चतम अवस्थाको काव्यात्मक अभिव्यक्ति हो, जसले साधकलाई निर्गुण ब्रह्मको अनुभूतितर्फ प्रेरित गर्दछ। यस अध्ययनले "न अब शीतल शीत लटक्क छन्..."

भन्ने श्लोकलाई निर्गुण ब्रह्म दर्शनको दृष्टिकोणबाट विश्लेषण गर्दछ । श्लोकमा प्रकृतिका द्वन्द्वात्मक तत्त्वहरू—शीत, उष्णता, बादल, तथा पल्लव—को निषेधमार्फत् एक निरपेक्ष, निर्विकार र अद्वैत तत्त्वको उद्घाटन गरिएको छ । निष्कर्षतः, उक्त श्लोकले भौतिक जगतका परिवर्तनशील अवस्थाहरूको अतिक्रमण गर्दै निर्गुण ब्रह्मको शाश्वत स्वरूपलाई काव्यात्मक ढङ्गले अभिव्यक्त गरेको पाइन्छ ।

वेदान्त दर्शनमा ब्रह्मलाई परम सत्यको रूपमा लिइन्छ, जसको दुई स्वरूप—सगुण र निर्गुण—मानिन्छन् । निर्गुण ब्रह्म कुनै पनि गुण, रूप वा परिवर्तनबाट मुक्त, शुद्ध चैतन्यको प्रतीक हो । प्रस्तुत श्लोकमा प्रकृतिका विविध अवस्थाहरूको निषेध गरिएको छ, जसले प्रत्यक्ष रूपमा निर्गुण ब्रह्मको अवधारणालाई समर्थन गरेको छ । यस अध्ययनको उद्देश्य निर्गुण ब्रह्मको आधारमा गहन रूपमा विश्लेषण गर्नु भएकाले काव्य र दर्शनबीचको अन्तर्सम्बन्धलाई स्पष्ट पारेको छ । वेदान्त दर्शनमा निर्गुण ब्रह्मको अवधारणा अत्यन्त महत्त्वपूर्ण मानिएको छ । उपनिषद्हरूमा "नेति-नेति" सिद्धान्तमार्फत् ब्रह्मलाई सबै प्रकारका गुणहरूबाट पर मानिएको छ । दार्शनिक परम्परामा शंकराचार्यले अद्वैत वेदान्तको माध्यमबाट ब्रह्मलाई निराकार, निर्विकार र अद्वैत स्वरूपमा व्याख्या गरेका छन् ।

प्रस्तुत अध्ययनले काव्यमा ब्रह्मको चित्रणलाई प्रतीकात्मक रूपमा व्याख्या गरेका छन्, जहाँ प्राकृतिक तत्त्वहरू (जस्तै: शीत, उष्णता, बादल) माया वा भौतिक जगतका प्रतिनिधि मानिएका छन् । तथापि, उक्त श्लोकको विशिष्ट रूपमा निर्गुण ब्रह्मको आधारमा गहन विश्लेषण गरेको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ। मुख्य रूपमा पाठ विश्लेषण विधि प्रयोग गरी श्लोकका प्रत्येक पदको दार्शनिक अर्थ व्याख्या गरिएको छ । "न अब शीतल शीत लटक्क छन्" र "न अब बादल वा दल बाँध्दछ" पङ्क्तिमा 'बादल' माया वा अज्ञानको प्रतीक हो । बादलले सूर्यलाई ढाकेजस्तै, माया ब्रह्मको वास्तविक स्वरूपलाई ढाकेको छ । यहाँ बादलको अभावले माया-विहीन अवस्थालाई सङ्केत गरेको छ जसमा सत्य प्रत्यक्ष देखिएको छ । "न त विपल्लव पल्लव पाउँछन्" पङ्तिले वृद्धि, परिवर्तन र सृष्टिको अभाव देखाएको छ । निर्गुण ब्रह्म नित्य, अविनाशी र अपरिवर्तनीय हुन्छ भनिएको छ । त्यसैले यसमा कुनै प्रकारको उत्पत्ति वा विकास सम्भव रहेको छैन । श्लोकको सम्पूर्ण संरचना निषेधात्मक छ, जसले "यो होइन, त्यो होइन" भन्ने वेदान्तीय सिद्धान्तलाई प्रतिबिम्बित गरेको छ । यसरी, कविले प्रत्यक्ष रूपमा ब्रह्मलाई वर्णन नगरी, सबै भौतिक विशेषताहरूलाई नकार्दै यसको अनुभूति गराउन खोजेका छन् । उक्त श्लोकले प्रकृतिका सबै द्वन्द्वात्मक, परिवर्तनशील र माया-आवरणयुक्त अवस्थाहरूको निषेधमार्फत् निर्गुण ब्रह्मको महाकाव्यमा शुद्ध, नित्य र अद्वैत स्वरूपलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत कथ्यले काव्य केवल सौन्दर्य अभिव्यक्ति मात्र नभई गहन दार्शनिक सत्यहरूको वाहक पनि भएको पुष्टि गरेको छ । निर्गुण ब्रह्मको अवधारणा यस श्लोकमा अत्यन्त प्रभावकारी रूपमा अभिव्यक्त भएको पाइन्छ । जसले साधकलाई निर्गुण ,निर्विशेष अवस्थाम पुऱ्याउन सफल बनाएको हुन्छ । तसर्थ माथिको साक्षले आदर्श -राघव महाकाव्य निर्गुण ब्रह्मचिन्तनका दृष्टिले उत्कृष्ट बनेको छ ।

प्रस्तुत *आदर्श - राघव* महाकाव्यमा प्रकृतिको एकात्मक तथा शान्त निर्गुण अवस्था चित्रिण गरिएको छ । यहाँ सृष्टि स्वतन्त्र कर्तृत्वविहीन भएर ब्रह्मकै स्वरूपमा समाहित भएको देखिन्छ । सम्पूर्ण ब्रह्माण्ड अन्ततः ब्रह्ममै विलीन हुने वेदान्तीय दृष्टिकोणलाई काव्यले अभिव्यक्त गरेको छ । आदर्श-राघव महाकाव्यमा वर्णित विषयवस्तु परिवेशजन्य प्रकृतिको वर्णन गरिएका श्लोकमार्फत् ब्रह्मचिन्तनको अवस्थालाई चित्रण गरेको पाइन्छ । विशेषतः वेदन्त दर्शनअन्तर्गतको निर्गुण ब्रह्मको अवधारणाले बाह्य–आन्तरिक जगत्को भेदलाई अतिक्रमण गर्दै अद्वैत अनुभूतिको स्थिति प्रस्तुत गरेको हुन्छ । यस श्लोकमा 'आत्म–चन्द्र' र 'पूर्ण–चन्द्र' जस्ता प्रतीकमार्फत् जीवात्मा र ब्रह्मको एकत्वलाई सूक्ष्म रूपमा अभिव्यक्त गरिएको छ। यसै सन्दर्भलाई अझ स्पष्ट पार्न महाकाव्यको काव्यांशलाई दृष्टान्तका रूपमा प्रस्तुत गरि महाकाव्यमा प्रतिबिम्बित निर्गुण ब्रह्म चिन्तनलाई देखाइएको छ । जस्लाई निम्न साक्षले अझ स्पष्ट बनाएको छ :

हृदाकाशमा मग्न छन् -आत्म-चन्द्र
महाकाशमा स्पष्ट छन् पूर्ण- चन्द्र
प्रसन्न प्रभा-पूर्ण अन्त: स्वरूप
खुली देखिएको छ यो बाह्य-रूप । ( सिग्देल,पृ १३६ )

प्रस्तुत पद्यको 'हृदाकाश' शब्दले अन्तःकरणको सूक्ष्म चेतन क्षेत्रलाई जनाउँछ, जहाँ आत्मा विराजमान भएको बताइएको छ। यहाँ 'आत्म–चन्द्र' भन्नाले शुद्ध चेतनाको प्रतीकात्मक रूप मानपएको छ। निर्गुण ब्रह्म चिन्तनअनुसार आत्मा कुनै रूप, गुण वा विकारबाट रहित हुन्छ भनिएको छ। कविले 'चन्द्र' को प्रयोग गरेर त्यसको शीतलता, शुद्धता र प्रकाशात्मकता सङ्केत गरेका छन्। यसले ब्रह्मको स्वरूपलाई प्रतिविम्बित गर्दछ, जुन अन्ततः ब्रह्मसँग अभिन्न मानिएको छ। 'महाकाश'ले व्यापक ब्रह्माण्डीय चेतनालाई जनाउँछ भने 'पूर्ण–चन्द्र' ब्रह्मको पूर्णता र सर्वव्यापकताको प्रतीक हो। यहाँ 'पूर्ण–चन्द्र' निर्गुण ब्रह्मको सगुण प्रतीकात्मक प्रस्तुति जस्तो देखिए पनि यसको आशय निराकार, निरवच्छिन्न चेतनासँग सम्बन्धित छ। यो अवधारणा निर्गुण ब्रह्मसँग सम्बन्धित छ। जसलाई वेदान्तमा सर्वव्यापक, अद्वैत र निरुपाधिक सत्ता मानिएको छ तेस्रो र चौथो पङ्क्तिले भित्री र बाहिरी अस्तित्वबीचको भिन्नता अन्ततः मिथ्या भएको सङ्केत गरेको छ। 'अन्त: स्वरूप' शुद्ध आत्मचेतना हो भने 'बाह्य रूप' दृश्य जगत् हो भन्ने तथ्यलाई स्पष्ट पारेको छ। वेदान्तअनुसार, बाह्य जगत् मायाद्वारा निर्मित प्रतीतिमात्र हो, जुन वास्तविकताको अन्तिम सत्य होइन। जब आत्म–चन्द्रको प्रकाश स्पष्ट हुन्छ, तब बाह्य जगत् पनि त्यसैको प्रतिबिम्बका रूपमा प्रकट हुन्छ भनिएको छ। निर्गुण ब्रह्म चिन्तनमा ब्रह्म कुनै गुण, रूप, नाम वा विशेषताबाट रहित हुन्छ भनिएको छ। प्रस्तुत श्लोकमा प्रयोग भएका 'चन्द्र', 'प्रभा' जस्ता शब्दहरू प्रतीकात्मक बनेका छन्। यहाँ कविले दुई तहमा चेतनाको अनुभव देखाएका छन्—**व्यष्टि स्तर** हृदाकाशमा आत्म–चन्द्र समष्टि महाकाशमा पूर्ण–चन्द्र यी दुईबीचको भिन्नता अन्ततः अद्वैतमा विलीन हुन्छ, जसलाई अद्वैत वेदान्तले प्रतिपादन गरेको निर्विशेष, रूपसँग एकाकार गरेको छ। अर्थात्, जीव र ब्रह्मबीच कुनै वास्तविक भेद छैन; भेद केवल अज्ञान (अविद्या) को परिणाम हो भन्ने बताएको छ।

प्रस्तुत श्लोकले निम्न प्रमुख दार्शनिक आत्मा र ब्रह्मबीचको एकत्व बाह्य–आन्तरिक द्वैतको निराकरण चेतनाको प्रकाशद्वारा जगत्को अनुभूति माया र वास्तविकताको भिन्नता जब साधक आत्म–चन्द्रमा 'मग्न' हुन्छ, तब उसले महाकाशमा रहेको 'पूर्ण–चन्द्र' अर्थात् ब्रह्मलाई प्रत्यक्ष अनुभूत गर्छ। यस अवस्थालाई वेदान्तमा ब्रह्म–साक्षात्कार भनिन्छ। उपरोक्त विश्लेषणबाट स्पष्ट भएको छ। निर्गुण ब्रह्म चिन्तनको अत्यन्त सूक्ष्म र गहन काव्यात्मक अभिव्यक्ति रूपमा माथिका हरफमा कविले प्रतीकात्मक भाषाशैलीमार्फत् आत्मा र ब्रह्मको अद्वैत सम्बन्धलाई प्रस्तुत गरेका छन्। 'हृदाकाश' र 'महाकाश' को समन्वयले व्यक्तिगत चेतना र सार्वभौमिक चेतनाबीचको भेदलाई समाप्त गर्दै परम सत्यको अनुभूति गराएको तथ्य उद्घाटित गरेका छन्। तसर्थ माथिको काव्यात्मक अंशको श्लोक वेदान्त दर्शनको मूलभूत सिद्धान्त"अहं ब्रह्मास्मि"—को काव्यात्मक रूपान्तरणका रूपमा गहन उदारणीय, विश्लेषणीय बनेको छ।

**परिणाम र विमर्श**

प्रस्तुत अध्ययनबाट महाकाव्यमा ब्रह्मचिन्तनको प्रभाव अत्यन्त गहिरो र व्यापक रूपमा रहेको निष्कर्ष प्राप्त हुन्छ। महाकाव्यकार सोमनाथ सिग्देलले वेदान्त दर्शनका मूल सिद्धान्तहरूलाई काव्यात्मक रूपमा सफलतापूर्वक अभिव्यक्त गरेका छन्। विश्लेषणबाट स्पष्ट हुन्छ कि यस महाकाव्यमा ब्रह्मलाई सर्वव्यापी, निराकार तथा परम सत्यका रूपमा चित्रण गरिएको छ। जीव र ब्रह्मबीचको सम्बन्धलाई अद्वैत दृष्टिकोणबाट प्रस्तुत गर्दै जीव अन्ततः ब्रह्ममै लीन हुने धारणा स्थापित गरिएको छ। यसले वेदान्त दर्शनको अद्वैत सिद्धान्तको पुष्टि गरेको छ। त्यसैगरी, महाकाव्यमा सगुण र निर्गुण ब्रह्मको द्वैध स्वरूपलाई सन्तुलित रूपमा प्रस्तुत गरिएको पाइन्छ। पात्रहरूको आध्यात्मिक यात्रामार्फत् मोह, अज्ञान र बन्धनबाट मुक्ति प्राप्त गरी मोक्षसम्म पुग्ने प्रक्रिया देखाइएको छ। यसले मानव जीवनको अन्तिम लक्ष्य मोक्ष नै हो भन्ने वेदान्तीय मान्यतालाई स्पष्ट बनाएको छ। अध्ययनको अर्को महत्त्वपूर्ण निष्कर्ष के हो भने, महाकाव्यमा ब्रह्मचिन्तन केवल दार्शनिक विचारमा सीमित नभई व्यावहारिक जीवनसँग समेत गासिएको छ। धर्म, कर्तव्य, त्याग र आत्मबोध जस्ता मूल्यहरू ब्रह्मचिन्तनसँग सम्बन्धित रूपमा प्रस्तुत गरिएका छन्। यसरी, महाकाव्य पूवीय दर्शन, विशेषतः वेदान्त दर्शनमा आधारित एक उत्कृष्ट कृति हो, जसमा ब्रह्मचिन्तनलाई गहन, व्यवस्थित र प्रभावकारी रूपमा प्रस्तुत गरिएको निष्कर्ष निस्कन्छ।

महाकाव्य पूर्वीय वेदान्त दर्शनमा आधारित काव्यक कृति हो। यस महाकाव्यमा आध्यात्मिक चेतना, दार्शनिक गहिराइ र मोक्षपरक दृष्टिकोणको सशक्त प्रस्तुति पाइन्छ। विशेषतः ब्रह्मचिन्तनको सन्दर्भमा यस कृतिले अद्वैत वेदान्तको

मूल मान्यतालाई काव्यात्मक रूप प्रदान गरेको देखिन्छ । महाकाव्यमा ब्रह्मलाई निराकार, निर्गुण, अनन्त र सर्वव्यापी चेतन तत्त्वका रूपमा चित्रण गरिएको छ । सृष्टि, स्थिति र प्रलयको मूल कारणका रूपमा ब्रह्मलाई स्वीकार गर्दै कविले ब्रह्मलाई कुनै सीमित रूप वा गुणमा बाँधेका छैनन् । यसले उपनिषद् परम्पराको “एकम् एव अद्वितीयम् ब्रह्म” भन्ने विचारलाई काव्यमा रूपान्तरण गरेको देखिन्छ । यस महाकाव्यमा आत्मा र ब्रह्म अलग–अलग नभई एउटै सत्यका दुई अभिव्यक्ति हुन् भन्ने अद्वैतवादी विचार स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । महाकाव्यमा माया शक्तिलाई ब्रह्मचिन्तनको प्रमुख अवरोधका रूपमा चित्रण गरिएको छ । मानिस माया र अज्ञानका कारण सांसारिक मोहमा बाँधिन्छ र आफ्नो वास्तविक स्वरूप (ब्रह्मस्वरूप) लाई बिर्सन्छ । यसरी माया–अज्ञानको द्वन्द्वमार्फत् ब्रह्मप्राप्तिको आवश्यकतामाथि प्रकाश पारिएको छ । समग्रमा, यस महाकाव्यमा ब्रह्मचिन्तन केवल दार्शनिक अवधारणा नभई जीवन–व्यवहारसँग जोडिएको आध्यात्मिक मार्गदर्शनका रूपमा प्रस्तुत गरिएको छ । कविले वेदान्त दर्शनलाई काव्या यसरी त्मक सौन्दर्यसँग संयोजन गर्दै मानव जीवनको आदर्शको परिभाषासँग जोडिएको छ । सम्पूर्ण महाकाव्यमा राम र सीताको कर्मयोग, ब्रह्ममय चेतना तथा सगुण–निर्गुण ब्रह्म स्वरूप स्पष्ट रूपमा प्रतिबिम्बित भएको देखिन्छ । रामको वनवास, रावणवध, रामराज्य, सीतासम्बन्धी घटनाहरू, रामगीता तथा रामभक्ति परम्परासम्मका विषयवस्तुले यस महाकाव्यलाई आदर्श चरित्रको प्रस्तुति बनाएको छ ।

**निष्कर्ष**

प्रस्तुत *अदर्श राघव* महाकाव्यमा गरिएको ब्रह्मचिन्तनसम्बन्धी अध्ययनबाट स्पष्ट हुन्छ कि उक्त कृति पूवीय दर्शन, विशेषतः वेदान्त दर्शनको गहिरो प्रभावमा निर्मित छ । महाकाव्यकारले ब्रह्मलाई सृष्टिको मूल तत्त्वका रूपमा प्रस्तुत गर्दै सगुण र निर्गुण दुवै स्वरूपको समन्वयात्मक व्याख्या गरेका छन् । ब्रह्मलाई सर्वव्यापक, अनन्त, अचल तथा चेतन शक्तिका रूपमा चित्रण गरिएको छ, जसले सम्पूर्ण जगतलाई सञ्चालन गरिरहेको छ भन्ने धारणा काव्यमा सशक्त रूपमा व्यक्त भएको पाइन्छ । यस महाकाव्यमा जीव, जगत् र ब्रह्मबीचको सम्बन्धलाई अद्वैतवादी दृष्टिकोणबाट व्याख्या गरिएको छ । जीवलाई ब्रह्मकै अंशका रूपमा देखाउँदै अज्ञानका कारण जीवले आफूलाई पृथक् ठान्ने र त्यसैबाट भ्रम उत्पन्न हुने विचार प्रस्तुत गरिएको छ । जब देह–अभिमान हटेर जीव मुक्त अवस्थामा पुग्छ, तब उसले सगुण ब्रह्मको अनुभव गर्दछ र अन्ततः निर्गुण ब्रह्ममा एकाकार हुन्छ भन्ने वेदान्तीय धारणा यहाँ प्रस्तुत गरिएको छ । त्यसैगरी, महाकाव्यमा ब्रह्मचिन्तन केवल दार्शनिक विमर्शमा सीमित नभई जीवन–व्यवहारसँग जोडिएको देखिन्छ । आदर्श पात्रहरूको आचरण, नैतिकता र आन्तरिक चेतनामार्फत् ब्रह्मानुभूति र आत्मबोधको मार्गलाई व्यावहारिक रूपमा प्रस्तुत गरिएको छ । यसले पाठकलाई आध्यात्मिक चेतना, नैतिकता र जीवन–उद्देश्यप्रति सचेत बनाउने उद्देश्य पूरा गरेको छ । यस अध्ययनको निष्कर्षस्वरूप भन्न सकिन्छ कि महाकाव्य ब्रह्मचिन्तनको दृष्टिले एक महत्त्वपूर्ण दार्शनिक काव्य हो । यसले वेदान्त दर्शनका सिद्धान्तहरूलाई साहित्यिक रूपमा प्रभावकारी ढङ्गले अभिव्यक्त गरेको छ । यस कृतिले सत्–चित्–आनन्दस्वरूप ब्रह्मको प्राप्ति नै मानव जीवनको सार्थकता हो भन्ने विचारलाई स्थापित गरेको छ । साथै, ब्रह्मको सगुण स्वरूप राम तथा प्रकृतिमार्फत् बाह्य रूपमा प्रकट भए पनि अन्ततः निर्गुण स्वरूपको एकत्वमा पुग्ने वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ । यही नै महाकाव्यको प्रमुख दार्शनिक उपलब्धि हो ।

**सन्दर्भ सामग्रीसूची**

अवस्थी, महादेव (२०६४). *आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श*. इन्टेलेक्चुअल बुक प्यालेस ।

आचार्य, नरहरि (२०३३). *सोमनाथ सिग्देलको योगदान* (स्नातकोत्तर शोधपत्र). त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।

आचार्य, नरहरि (२०४०). *उनको महाकाव्य साधना*. विद्याप्रकाशन ।

उपाध्याय, गोविन्दप्रसाद (२०६६). *आर्यदर्शन*. विद्यार्थी पुस्तक भण्डार ।

खड्का, पवित्रबहादुर. (२०७१). *आध्यात्म दर्शन*. लेखक स्वयं ।

गिरि, रामानन्द. (२०५१/२०५५). *माण्डूक्योपनिषद् कारिका*. महेश संन्यास आश्रम ।

गिरि, रामानन्द. (२०५५). *रामहञ्जनिक दर्शन* (अनुवाद). जनक शिक्षा सामग्री केन्द्र ।

ज्ञवाली, रामप्रसाद.(२०६८). *महाकाव्य सिद्धान्त र नेपाली प्रयोग*. ऐरावती प्रकाशन प्रा.लि. ।

जोशी, तराप्रसाद. (२०४६). *आदर्श–राघव* को शास्त्रीय विवेचना. रत्न पुस्तक भण्डार ।

न्यौपाने, चन्द्रप्रसाद. (२०७१). *नेपाली महाकाव्यको इतिहास र विश्लेषण*. प्रज्ञा प्रतिष्ठान ।

पराजुली, ठाकुरप्रसाद (२०४५). *नेपाली साहित्यको परिक्रमा*. विद्या प्रकाशन ।

भट्टराई, सीता. (२०७७). *प्रा. शिवगोपाल रिसालका महाकाव्यमा वेदान्त दर्शन*. सञ्जीवनी पब्लिकेशन एन्ड डिस्ट्रीब्युटर प्रा.लि. ।

रिसाल, राममणि (२०५०). *नेपाली काव्य र कवि*. साझा प्रकाशन ।

रिसाल, शिवगोपाल (२०७०). *अष्टावक्र गीता*. महेश संन्यास आश्रम ।

रिसाल, शिवगोपाल (२०७१). *वैदिक संस्कृति*. लेखक संघ ।

शङ्कराचार्य. (२०७४). *ईशादि नौ उपनिषद्* (शङ्कर भाष्य). गीता प्रेस ।